# आ.व. २०७१/७२ को वजेट माथि स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) को धारणा

आर्थिक वर्ष २०७१/७२ को पूर्ण वजेट समयमा नै सार्वजनिक भएको छ। सरकारको यस सकारात्मक पहल प्रति सम्पूर्ण नेपाली संग संगै यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) पनि एकेवध्दता अभिव्यक्त गर्दछ।

"उज्यालो नेपाल समृद्ध नेपाल" अभियानका साथ सरकारद्वारा तीन वर्ष भित्र लोडसेडिङ्ग अन्त्य गर्न प्रतिवद्धता सहित उर्जा तथा पूर्वाधार विकासमा उच्च लगानी गर्ने घोषणालाई यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, (IPPAN) नेपाल हार्दिक स्वागत गर्दछ। जलविद्युत एवं उर्जा क्षेत्रको विकास, विस्तार एवं प्रवर्धनलाई प्राथमिकतामा राख्दै विद्युत उत्पादन, प्रसारण लाइन निर्माण, वितरण प्रणालीमा सुधारका साथै आन्तरिक एवं अन्तरदेशीय प्रसारण लाइन निर्माणको लागि समग्रमा ३७ अर्व विनियोजित लाई उर्जा क्षेत्रमा लगानीमैत्री वातावरण बनाउन खोजेको र नेपालको आर्थिक समृद्धि, औद्योगिकीकरण र रोजगारी सृजना प्रति सरकारले उर्जालाई महत्वपूर्ण अस्त्रको रुपमा मान्यता दिइएको वजेटको अर्को स्वागत योग्य पाटाको रुपमा रहेको यस संस्थाको मान्यता छ।

आगामी ३ वर्ष भित्र देशमा लोडसेडिङ्ग अन्त्य गर्न प्रतिवद्ध रहेको जनाउदै आगामी ३ वर्ष भित्रमा सार्वजनिक क्षेत्रवाट ५६० मेगावाट र निजी क्षेत्रवाट ६२८ मेगावाट उत्पादन गर्ने लक्ष्य राखिएको छ। यस अनुरुप उर्जा क्षेत्रमा रहेको नीतिगत तथा कानूनी व्यवधान एवं अवरोधहरु हटाई विद्युत ऐन एवं विद्युत नियमावली संशोधन गरीने प्रतिवद्धता स्वागत योग्य छ।

उर्जा क्षेत्रमा अत्याधिक मात्रामा वढ्दै गएको आयोजना लागतलाई संवोधन गर्न विद्युत महशुलमा लागत अनुसार समयानुकुल परिमार्जन गर्ने प्रतिवध्दता, प्रतिमेगावाट रु ५० लाखका दरले अनुदान दिने व्यवस्था तथा आर्थिक वर्ष २०७९/८० सम्म विद्युत उत्पादन गरी राष्ट्रिय प्रशारण लाइनमा जोड्ने र विद्युत निर्यात गर्ने उत्पादकहरुलाई १० वर्ष पुरै र त्यस पछि ५ वर्ष सम्म ५० प्रतिशत आयकर छुट दिने कदम स्वागत योग्य कदमहरु मध्ये महत्वपुर्ण कदम हुन। यद्यपी आर्थिक विधेयक २०७१ मा उल्लेख भए अनुसार वि.सं. २०७१ भाद्र ७ गते भित्र निर्माण प्रारम्भ गर्ने जलविद्युत आयोजनाहरुलाई मात्र २०८० चैत्र महिना सम्म व्यपारिक रुपमा जलविद्युत उत्पादन शुरु गरेमा पहिलो दश वर्षमा पूरै आयकर छुट तथा त्यस पछि पाँच वर्षसम्म ५० प्रतिशत आयकर छुट पाउने प्रावधान उल्लेख गरेको र वजेट सम्वोधनमा मिति २०७१ भाद्र ७ गते उल्लेख नभएकोले सो मिति आर्थिक विधेयकबाट हटाउनको लागि अनुरोध गरिन्छ।

प्रसारण लाइन निर्माणमा देखा परेका जग्गा अधिग्रहण तथा वन क्षेत्र सम्वन्धि समस्या समाधान गर्न राष्ट्रिय योजना आयोगको संयोजनमा अधिकार सम्पन्न अन्तरक्रिया समन्वय संयन्त्र स्थापना गरिने अर्को स्वागत योग्य कदम रहेको छ। यस संस्थाले विगत देखि उठाउदै आएको विषय, नेपाल विद्युत प्राधिकरणको पुनःसंरचनाः उत्पादन, प्रसारण र वितरणको तीन छुट्ट छुट्टै कम्पनीको स्थापना सम्वन्धमा वजेटले सम्वोधन गरेको छ। यसलाई तुरुन्त कार्यान्वयनमा जोड दिई नेपालमा उत्पादित विजुली र विषेशगरी नेपालमा माग र आपूर्ती को ठूलो Seasonal Variability लाई सन्तुलित राख्न विद्युत व्यापार सम्झौतालाई यथाशिघ्र अगाढि वढाउनु पर्दछ।साथै, विद्युत प्राधिकरणले System Saturation को विषयलाई अगाडि सारी अघोषित रुपमा रोकेको विद्युत खरीद सम्झौता तुरुन्त सुचारु गर्नु पर्दछ। छुटटै राष्ट्यि प्रसारण ग्रीड कम्पनी र अलग उर्जा व्यापार कम्पनी को स्थापना गरि जलविद्युत आयोजनाको विद्युत खरीद सम्झौता सुचारु गर्न पनि अनुरोध गरिन्छ।

विद्युत उत्पादनमा ठूला लगानीकर्ताहरु आकर्षित गर्न आकर्षक प्याकेज उपलव्ध गराउने र ठूला आयोजनाहरुको हकमा लगानी वोर्डले अगाडी वढाएका माथिल्लो कर्णाली, अरुण तेस्रो, तामाकोशी-३ तथा माथिल्लो मर्स्याङ्दी-२ लगायत अन्य आयोजनाको आयोजना विकास सम्झौता सम्पन्न गर्ने सरकारको प्रतिवद्धता स्वागत योग्य छ ।

वजेटको प्रस्तावमा नै अर्थतन्त्रमा निजी क्षेत्रको दरिलो उपस्थिति भनेर सम्वोधन गर्नु सकारात्मक पक्ष हो र नेपाल सरकारले उर्जा क्षेत्रलाई विशेष प्राथमिकता दिएको साथै यसमा प्रतिवद्धता गरे अनुसार ऐन एवं कानूनहरुको सुधार हुन अति जरुरी छ । पूर्वाधार विकास, जलविद्युत क्षेत्रमा राम्रो वजेट विनियोजित गरिएकोले कार्यान्वयनको पाटो सवल हुनुपर्ने आवश्यकता छ । साथै यसका लागि निजी क्षेत्रलाई साथ लिएर अगाडी वढ्नु पर्ने नितान्त आवश्यक छ ।

वजेटले जलविद्युत विकासलाई प्राथमिकता दिंदा दिंदै पनि यस संस्थाले उठाउदै आएको तल उल्लेखित छुट्न गएका केही विषयहरु प्रति ईप्पान सम्वन्धित निकायको ध्यानाकर्षण गराउदछ :

- नेपाल सरकारले मिति २०७०/९/१८ गतेको निर्णय अनुसार २०७१ चैत्र मसान्त सम्म व्यापारिक उत्पादन गर्ने जलविद्युत आयोजनाहरुलाई ऋण तिर्ने अवधि (Payback Period) सम्मका लागि PPA को विद्यमान Posted Rate उपलव्ध गराउने विषय सम्वन्धमा ।
- विद्युत खरीद सम्झौता अनौपचारिक रुपमा रोकिएको सम्वन्धमा हाल नेपाल विद्युत प्राधिकरणले विद्युत खरीद सम्झौतामा विभिन्न सर्तहरु राखेर तथा dispatchable basic को आधारमा (नेपाल विद्युत प्राधिकरणलाई विद्युत चाहिएको वखतमा उर्जा लिने गरि) विद्युत खरीद सम्झौता गरिरहेको हुनाले, सो कार्य तुरुन्त वन्द गर्नको लागि अनुरोध गरिन्छ ।
- एकल राजश्व निती सम्वन्धमा ।
- Exchange Risk Mitigation Mechanism निर्माण गरी विदेशी मुद्रमा PPA गर्ने व्यवस्था सम्वन्धमा
- संचालनमा रहेका साना जलविद्युत आयोजनाहरुलाई आर्थिक जोखिमवाट पार लाउने उपाय सम्वन्धमा ।
- विदेशी लागनीको हकमा रजिष्ट्रेशन पारित गर्दा लाग्ने दस्तुर एवं विदेशी बैंक लाई व्याज भुक्तानी गर्दा लाग्ने withholding tax सम्वन्धमा ।

र हाल २०७१ चैत्र मसान्त सम्म व्यवसायिक उत्पादन शुरु गर्ने आयोजनालाई विद्यमान Posted Rate दिने भनिएकोमा आयोजना निर्माणको क्रममा विभिन्न वाधा तथा वन तथा अन्य कारणले गर्दा केहि आयोजनाहरु २०७१ चैत्र भित्र सम्पन्न नहुने हुँदा सो दिइएको अवधि २०७१ चैत्र मसान्त लाई अपर तामाकोशी नआउन्जेल सम्मको लागि लागु गरिदिनहुन समेत अनुरोध गरिन्छ ।

अन्तमा सरकारद्वारा प्रस्तुत भावी कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सफलताका लागि र उर्जा क्षेत्रमा निजी उर्जा उत्पादक लगानीकताहरुलाई प्रोत्साहन दिई भविष्यमा अहिले विद्यमान रहेका उर्जा क्षेत्रका समस्याहरुलाई सम्वोधन गरी सकारात्मक दिशातर्फ उत्प्रेरित हुन यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) हार्दिक अपिल गर्दछ ।

**स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)**